म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ६४ २०७९ माघ ८ गते आइतबार 22 January 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

**सोनाम ल्होछारको शुभकामना**



तामाङ समुदायको प्रमुख पर्व सोनाम ल्होछार एवम् मञ्जुश्री सम्वत्को नयाँ वर्ष २८५९ को अवसरमा सम्पूर्ण तामाङ समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुरेश श्रेष्ठ, सम्पादक**
**एवम् समृद्ध समाज दैनिक परिवार**
**हेटौंडा, मकवानपुर**

### निराशाबीच सुखद् खबर

# हेटौंडाका अन्जनले भारतीय लिग खेल्ने



समाज संवाददाता

हेटौंडाः राष्ट्रिय टिमका सदस्य खेलाडी मैदान छाडेर विदेशिएको खबर दैनिकजसो आइरहँदा शनिबार एउटा सुखद् खबर चर्चामा रह्यो । हेटौंडाका अञ्जन विष्ट भारतीय लिग खेल्न शनिबार मुम्बई पुगेका छन् । राष्ट्रिय टिमका भरपर्दो फरवार्ड अञ्जन भारतीय लिगको केन्क्रे एफसीबाट फुटबल खेल्न शनिबार भारतको मुम्बई पुगेका हुन् ।

२४ वर्षीय अञ्जन भारतीय लिग खेल्न शनिबार बिहान साढे ११ बजेको फ्लाइटमार्फत मुम्बई पुगेको अञ्जनका बुबा राजु विष्टले जानकारी दिनुभयो । यसअघि पनि भारतीय लिग क्लबसँग कुरा भइरहे पनि यसपटक भने अञ्जनले जाने निर्णय गरेको बुबा राजु विष्ट बताउनुहुन्छ । अञ्जन र अञ्जनभन्दा कम उमेरका खेलाडी आफ्नो भविष्यकै लागि अष्ट्रेलिया पलायन भइरहेको समाचार आइरहेका बेला अञ्जनले भारतीय लिग खेल्ने अवसर सुखद् भएको राजु विष्टको भनाइ छ ।

आगामी फागुन महिनामा सुरु हुने सहिद स्मारक लिगका लागि चर्च ब्वाइज युनाइटेड क्लबमा अनुबन्धित भएका अञ्जन पहिलो पटक देश बाहिर व्यावसायिक फुटबल खेल्नका लागि गएका हुन् । राष्ट्रिय टोलीका महत्वपूर्ण सदस्य रहेका अन्जनले आइ लिग खेल्न अवसर लाई आफूलाई थप प्रमाणित गर्ने अवसरको रुपमा लिएको बताएका छन् ।

'व्यवसायिक खेल जीवनमा यसलाई अर्को महत्वपूर्ण उपलब्धीको रुपमा लिएको छु,' उनले भने, 'मैले राम्रो गर्न सके भने पक्कै पनि अरु खेलाडीहरु प्रति पनि सकारात्मक बन्न सक्छन् । म आफ्नोतर्फबाट शतप्रतिशत दिने प्रयास गर्नेछु ।' उनी घरेलु फुटबलको सर्वाधिक सफल टोलीमध्येको एक मनाङ मर्स्याङ्दी क्लब छाडेर यसै सिजन चर्च ब्वाइजमा आबद्ध भएका थिए । चर्च ब्वाइजले सहजै रिलिज दिएको बताए ।

आइ लिगका बाँकी खेल सकेर फर्कने योजना रहेको अन्जनले बताए । 'सहिद स्मारक ए डिभिजन लिगको एक दुई राउन्ड छुट्न सक्छ । आइ लिग सकिने वित्तिकै फर्कने योजनामा छु,' उनले थपे,' म व्यक्तिगत पहलमै आइ लिग क्लबसँग जोडिएको हु ।' राष्ट्रिय टोलीका कप्तान तथा गोलकिपर किरण चेम्जोङ राउन्डग्लास पन्जाब एफसीबाट आइ लिग खेलिरहेका छन् । अब आइ लिगमा किरण र अन्जनको सामना हुने सम्भावना रहन्छ ।

केन्क्रेले सोमबार आइ लिग अंकतालिकाको शीर्ष टोली श्रीनिदी डेकेनसँग प्रतिस्पर्धा गर्नेछ । डेकेनले अघिल्लो खेलमा पन्जाबलाई ४-० ले हराएको थियो । २५ अंकसहित डेकन शीर्षस्थानमा, २३ अंक जोडेको पन्जाब दोस्रो स्थानमा र केन्क्रे १६ अंकसहित नवौं स्थानमा छ । आइ लिगमा १२ टोलीको सहभागिता रहेको छ । आफ्नो पुस्तामा आइ लिग खेल्ने अन्जन तेस्रो खेलाडी बनेका छन् । विमल घर्तीमगर केहि वर्षअघि र गत वर्ष अनन्त तामाङले आइ लिग खेलेको थिए । अन्जनले राष्ट्रिय टोलीबाट ११ गोल गरिसकेका छन् । उनले पछिल्ला दुई मैत्रीपूर्ण खेलमा ४ गोल गरेका थिए ।

# आज सोनाम ल्होछार




समाज संवाददाता

हेटौंडाः तामाङ समुदायले नयाँ वर्षको रुपमा माघ शुक्ल प्रतिपदाका दिन मनाउने सोनाम ल्होछार पर्व आज आइतबार विविध कार्यक्रम आयोजना गरी मनाइँदैछ । मुलुकका विभिन्न भागमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चा आदि जातिले समेत आ-आफ्नै शैली र परम्पराअनुसार यो पर्व मनाउँदै आएको पाइन्छ ।

तामाङ जातिको बाहुल्यता रहेको बागमती प्रदेशका मकवानपुरसहित विभिन्न जिल्लामा यो पर्व विशेषरुपमा मनाइन्छ । यस वर्षको पर्वमा सरकारले देशभर सार्वजनिक बिदा दिएको छ । मञ्जुश्री पात्रोअनुसार आजदेखि २८५९ औं वर्ष सुरु हुन्छ । यस वर्ष बाघ वर्गलाई बिदाइ गर्दै बिरालो वर्गलाई स्वागत गर्दै ल्होछार मनाउन लागेको हो । सोनाम ल्होछार लाई तामाङ समुदायले नयाँ वर्षको रूपमा मनाउँछन् । तामाङ भाषामा 'ल्हो' भनेको वर्ष/वर्ग/साल हो भने 'छार' भनेको नयाँ हो । अर्थात् ल्होछारको अर्थ नयाँ वर्ष भन्ने हुन्छ । मन्जुश्रीले विकास गरेको चिनियाँ खगोल शास्त्रमा आधारित चन्द्रपात्रो अनुसार प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन तामाङ समुदायले सोनाम ल्होछार पर्व मनाउँछन् । नेपालमा मात्र नभएर तामाङ समुदायको बसोबास भएका विश्वका थुप्रै देशहरूमा सोनाम ल्होछार पर्व मनाउँदै आएका छन् ।

# हेटौंडामा ल्होछार सांस्कृतिक कार्यक्रम सुरु

समाज संवाददाता

**हेटौंडाः हेटौंडा-१०, टीसीएन चौरमा शनिबारदेखि तामाङ जातिहरुको सोनाम ल्होछार सांस्कृतिक महोत्सव सुरु भएको छ । तामाङ घेदुङ संघ मकवानपुरका अध्यक्ष कालु घलानको सभाध्यक्ष तथा बागमती प्रदेशको पूर्वसामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।**

**तामाङ समुदायको राष्ट्रिय सांस्कृतिक पर्व मञ्जुश्री सम्वत् २८५९ (जल/स्त्री) ह्योई/तावार ल्हो (बिरालो वर्ग) सोनाम ल्होछारको अवसरमा नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति र मकवानपुर तामाङ कलाकार संघलगायत जिल्लाका विभिन्न संघसंस्थाको सहयोगमा महोत्सव सुरु भएको हो । यसवर्ष बाघ वर्गलाई बिदाई गर्दै बिरालो वर्गलाई स्वागत गर्दै तामाङ समुदायले ल्होछार मनाइरहेका छन् ।**

**सोनाम ल्होछारलाई तामाङ समुदायले नयाँ वर्षको रुपमा मनाउने गर्दछन् । तामाङ भाषामा 'ल्हो' भनेको वर्ष/वर्ग/साल हो भने 'छार' भनेको नयाँ हो । अर्थात् ल्होछारको अर्थ नयाँ वर्ष भन्ने हुन्छ ।**

**मञ्जुश्रीले विकास गरेको चिनियाँ खगोलशास्त्रमा आधारित चन्द्रपात्रो अनुसार प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन तामाङ समुदायले सोनाम ल्होछार पर्व मनाउँदछन् । नेपालमा मात्र नभएर तामाङ समुदायको बसोबास भएका विश्वका थुप्रै देशहरूमा सोनाम ल्होछार मनाउने गरिएको छ ।**

**आइतबारसम्म चल्ने महोत्सवको आकर्षणाहरुमा तामाङको मौलिक भेषभुषासहित लामा, बोन्पो (झाँक्री), ताम्बा, डम्फुरेको झाँकी प्रदर्शन, मौलिक डम्फुरे गीत प्रस्तुति, तामाङ भेषभूषा र मौलिक खाना प्रदर्शन गरिएको छ ।**

# २६ गतेदेखि एसईई पूर्वतयारी परीक्षा

समाज संवाददाता

**हेटौंडाः हेटौंडा उपमहानगरभित्र रहेका सामुदायिक विद्यालयहरुले आगामी माघ २६ गतेदेखि माध्यमिक शिक्षा परीक्षा (एसईई) पूर्व तयारी परीक्षा लिने भएका छन् । शुक्रबार बसेको नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडा तथा प्रधानाध्यापकहरुको संयुक्त बैठकले उक्त निर्णय गरेको अमर माध्यमिक विद्यालयका शिक्षक डीबी बर्तौलाले जानकारी दिनुभयो ।**

**आगामी फागुन ५ गतेसम्म सञ्चालन हुने एसईई पूर्वतयारी परीक्षामा पहिलो दिन २६ गते अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने उहाँले बताउनुभयो । दोस्रो दिन २७ गते अनिवार्य नेपाली, तेस्रो दिन २९ गते अनिवार्य गणितको परीक्षा हुने बताइएको छ । फागुन १ गते अनिवार्य विज्ञान, २ गते अनिवार्य सामाजिक अध्ययन र ३ गते अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको परीक्षा हुनेछ । यस्तै, ४ गते ऐच्छिक प्रथमअन्तर्गत्का विषयहरु र ५ गते ऐच्छिक द्वितीयअन्तर्गत्का विषयहरुको परीक्षा हुने बर्तौलाले जानकारी दिनुभयो ।**

**सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि**









## सम्पादकीय

# पालिकामा खर्च गर्ने चुनौती

देश विकासको क्रमलाई गति दिन भन्दै मुलुकमा संघीय शासन व्यवस्था लागू गरियो । राज्य पुनर्संरचना गरेर झण्डै चार हजार स्थानीय निकायलाई ७५३ स्थानीय तहमा सिमित गरियो । संघ र स्थानीय सरकारबीच प्रदेश तहको संरचनाको व्यवस्था गरियो । संविधानमै संघ, प्रदेश तथा स्थानीय तहका एकल एवम् संयुक्त अधिकारहरुको व्यवस्था गरियो । विगतको जिल्ला, अञ्चल एवम् विकास क्षेत्रमा मात्र नभई केन्द्रीय तहका कयौं अधिकार प्रदेश तथा स्थानीय तहलाई प्रदान गरियो । नयाँ संविधान जारी भएर संघीयता कार्यान्वयनमा आएको ७ वर्ष नाघिसकेको छ । यसबीचमा दुईवटा निर्वाचन सम्पन्न भएर तीनै तहका सरकार निर्माण भइसकेका छन् । स्थानीय तहमा दुईवटा सरकार बनिसकेको छ भने कतिपय प्रदेशमा ४ वटासम्म सरकार परिवर्तन भइसकेका छन् । देश, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो क्षेत्रको विकास र समृद्धिमा प्रतिस्पर्धात्मक किसिमबाट कार्य गर्ने आम नागरिकको अपेक्षा पूरा हुन सकेको छैन ।

तीनै तहको सरकारले प्रत्येक आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेट ल्याउने गर्दछन् । यसरी एक वर्षको नीति तथा कार्यक्रमको आधारमा विभिन्न योजना सम्पन्न गर्न ल्याइने बजेट समयै खर्च गर्न नसक्ने रोग स्थानीय तहमा झाँगिदै गएको छ । स्थानीय सरकारले विनियोजन गरेको पुँजीगत खर्चमात्र नभई साधारण खर्चसमेत समयमै हुन सकिरहेको छैन । मकवानपुरको थाहा नगरपालिकाले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा करिब २४ प्रतिशतमात्र बजेट खर्च गर्न सकेको छ । चालु आर्थिक वर्षका लागि १ अर्ब १७ करोडको बजेट पारित गरेकोमा हालसम्म करिब २८ करोड रुपैयाँमात्र खर्च गर्न सकेको छ । थाहा नगरपालिकाले चालुतर्फ ३६ र पुँजीगततर्फ १५ प्रतिशतमात्र खर्च गरेको छ । नगरपालिकाले अनुमानित आयको ४८ प्रतिशत आम्दानी गर्न सफल हुँदा खर्च २४ प्रतिशतमा सिमित हुनुले बजेट खर्च निराशाजनक देखिएको छ ।

जिल्लाको राक्सिराङ र मनहरी गाउँपालिकाले पनि करिब १५ प्रतिशतमात्र बजेट खर्च गरेको छ । राक्सिराङ गाउँपालिकाले चालु आर्थिक वर्षका लागि ६६ करोड ४४ लाख रुपैयाँको बजेट विनियोजन गरेकोमा हालसम्म ९ करोड ४१ लाख रुपैयाँमात्र खर्च गरेको छ । गाउँपालिकाले ६ महिनामा कूल बजेटको १४ दशमलब १६ प्रतिशत खर्च गरेको देखिन्छ । यस्तै, मनहरी गाउँपालिकाले चालु आर्थिक वर्षको पहिलो ५ महिनामा १५ प्रतिशत रकम खर्च गरेको छ । गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० मा ९९ करोड २८ लाख ६४ हजार रुपैयाँ बार्षिक बजेटमध्ये १५ करोड ३४ लाख रुपैयाँमात्र खर्च भएको छ । गाउँपालिकासँग ८३ करोड ९४ लाख ५१ हजार रुपैयाँ मौज्दात रहेको पाइएको छ । आन्तरिक स्रोतबाट गाउँपालिकाले चालु आर्थिक वर्षको हालसम्म २६ करोड ८७ लाख रुपैयाँ आम्दानी गरेको भए पनि खर्चको अवस्था उत्साजनक छैन ।

नेपालमा आर्थिक वर्षको अन्त्यतिर बजेट निकासा गर्ने र जथाभावी खर्च गर्ने विकृति सबैतिर फैलिइरहेको छ । समयमै बजेट खर्च गर्न नसकेका कारण विकास निर्माणका कामहरु सम्पन्न नहुने मात्र नभई विनियोजित बजेट नै फ्रिज हुने गरेको छ । आर्थिक वर्ष सुरु नहुँदै पारित गरिएको बजेट ६ महिना बितिसक्दा समेत १५ प्रतिशतमात्र खर्च हुनुले अबको बाँकी छ महिनामा ८५ प्रतिशत बजेट खर्च गर्नुपर्ने चुनौती पालिकाहरुलाई छ । ६ महिनासम्म १५ प्रतिशत बजेट खर्च गर्न सक्षम पालिकाले बाँकी ६ महिनामा ८५ प्रतिशत बजेट कसरी खर्च गर्छ होला ? यसलाई सामान्य प्रश्न मान्न सकिन्न । समयमा बजेट खर्च गर्न नसक्नुको कारण पहिचान गरी त्यसको समाधानमा सरकार जिम्मेवार बन्नैपर्छ । समयमै बजेट परिचालन र सदुपयोग गर्न नसक्ने सम्बद्ध पदाधिकारीलाई जिम्मेवार बनाउन नसक्दासम्म यो समस्या समाधान गर्न सहज छैन । समय पर्याप्त हुँदासम्म कानमा तेल हालेर बस्ने अनि आर्थिक वर्षको अन्त्यतिर जथाभावी बजेट निकासा र परिचालन गरी भ्रष्टाचार र अनियमिततालाई प्रोत्साहन गर्ने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सहयोगीको सहायताले काम बन्ने समय योग छ ।
**वृष** : आत्मबल र हिम्मतले काम बन्ने समय योग छ ।
**मिथुन** : आत्मीयता बढ्ने अनि साथीसँग रमाइलो समय छ ।
**कर्कट** : हिम्मत र आँटले चुनौतीहरु पन्छाउन सकिने छ ।
**सिंह** : बौद्धिक कार्यका माध्यमबाट प्रतिष्ठा कमाइएला ।
**कन्या** : महत्वाकाङ्क्षी योजनाहरु गोप्य राख्दा राम्रो ।
**तुला** : कर्तव्य र दायित्वका बारेमा गम्भीर बनिएला ।
**वृश्चिक** : चुनौती र बाधाहरु हट्ने समय योग देखिन्छ ।
**धनु** : लगनशीलता र परिश्रमले भविष्य बन्ने समय छ ।
**मकर** : व्यवहारिक खर्च बढ्नाले मन विचलित होला ।
**कुम्भ** : आय-आर्जनमा वृद्धि र नवीन कामको थालनी होला ।
**मीन** : शुभाशिष र सहानुभूति प्राप्त हुने समय छ ।

# हिमाल छुने रहर



✍ चुडाराज उप्रेती

मान्छेका असिमित कामनाहरु हुन्छन्। रहरहरु मनका कुना कुनामा बाध्यता र विवशताका बिच लुकेर बसेका हुँदा रहेछन्, सामान्य संभावनामा पनि रमाईहाल्ने। मन सदा स्वतन्त्र। जता जहाँ चाह्यो, त्यहीं। एक छोटो निमेषमा विशाल बम्हाण्डको कल्पना गर्न सक्ने जस्तो । शरीर त भौतिकताको उपस्तिथी जस्तो । प्रतिनिधित्व जस्तो मात्रै। शरीर र मनको फासला अंकमा सम्भव कसरी होला र ? हेर्दा संगै, तर कस्तो गहिरो। मान्छे पिच्छेका अनुभव होलान, कसैको आफ्नै शोख होला, मेरो घुम्न भनेपछि काहाँबाट एउटा तरङ्ग वा झनझहाट मनमा महशुस हुन्छकी खर्च र समय आफैं मिल्दोरहेछ। वाह, मन नै त हो। हैन भने काठमाण्डौंबाट विश्व दाजुले एक कलमै अन्नपुर्ण पदयात्राको लागी जाने भन्नेबित्तिकै कसरी तयारी हुन्थे र ? म र समय बिचको तालमेल कहिल्यै बसेन। सधैं अस्तव्यस्त। कहिले घडीको सुईसँग मेरो दिनचर्या मिल्दै मिलेन । यो बानीले धेरै साथीभाई, आफन्तबिच असमझदारी बढेका छन् , धेरै अवसरहरु गुमेका छन्, । मनमा कतै नजिकैबाट हिमाल छुने, प्रकृतिको लीलालाई महशुस गर्ने लालशा थियो होला सायद । प्लेनको सानो झ्यालबाट टाडै सही, ठुलासाना हिमाल त देखेकै हो, तर नजिकैबाट दृश्यावलोकन गर्ने सौभाग्य पाईएको थिएन । पुन हिलबाट बाईनाकुलरले हेरेर के चित्त बुझ्थ्यो र मलाई। त्यसैले सबथोक छाडेर तयार भईयो। मेरो लुकेको बिषेशता यो पनि एक हो।

काठमाण्डौंबाट दाजुहरु विश्वराज मैनाली (उर्फ सिंहराशी), दाजु महेश कायस्थ, दाजु मणि तण्डुलकार गाडीबाट मुग्लिन आईपुग्ने र म हेटौंडाबाट मुग्लिन भेटी पोखरा संगै लाग्ने तय भयो। म बरु हेटौंडाबाट ठिलो भईएछ, एक घण्टा मुग्लिनमा कुराएछु। पोखरा-मुग्लिनको बाटो बिस्तारका कामले होला, पोखरा पुग्दा त झमक्कै साँझ परिसकेको। पोखरा, पोखरा त्यसै पर्यटकीय गन्तब्य बनेको होईन । मलाई भने, पोखरा पुग्नु अघि गगनगौंडाबाट आकाश खुलेको दिन देखिने माछापुच्छ्रे सारै मनमोहक लाग्छ । लाहुरेहरुको शहर पो त पोखरा, पहिलो, द्वितीय विश्व युद्धदेखि हालसम्म विश्वका धेरै ठाउँको सेनामा अतुलनीय योगदान गरेका पराक्रमीहरुको शहर। पोखरा शहर निर्माणमा प्रकृतिको जति साथ छ, त्यत्तिकै जोश जाँगर यिनै कर्मवीरहरुको हात छ जस्तो लाग्छ । लेकसाइट नजिकैको एक होटलमा बसियो। चार जना, त्यसमा पनि सबै बिल्कुलै अलग-अलग पेशाका लामै सरसँगतका। सन्ध्याकालीन लेकसाइट।

गएकै दिन साँझ लेकसाईट पुगियो। पोखरा पुगेर फेवा छेउ पुगिएन भने पोखरा नै नपुगेको झैं लाग्ने आफुलाई । माच्छापुछ्रे छाँयामा मधुरो बत्तीबिचको मायावी फेवा। आह। पारी बस्तीका झिलिमिली। साँझको लेकसाईट नियाल्दा युवा नेपालको चित्र महशुस हुन्छ मलाई । त्यही नजिकै लेकसाईट स्तिथ एक होटलमा फेसबुक पेज मार्फत काठमाण्डौंबाटै दाजु महेशले टुर प्याकेजको कुरो गर्नुभएको रहेछ, सम्पर्क गर्न गईयो। अझैंपनि नेपाली पर्यटनकर्मीहरु व्यवसायिक हुन नसकेको मलाई भान भयो। देखाउने एक, भन्ने एक, गर्ने एक। क्या अचम्म परियो। तैपनि भोलीबाट यात्रा शुरु गर्ने निधो सहित लेकसाईट झरियो। लामो समयको संगतका पुराना दाजुहरु मेरा, उहाँहरु चाहिं सहपाठी। बेलुकाको समय, एक दुई प्याक खाने विचार सहित होटल चाहारियो। केहि वर्ष पोखरामा कार्यथलो बनाएका दाजु महेशले चिनेको माईली दिदीको थकाली खोजियो । तिहारको भोलीपल्ट भएकोले बन्द रहेछ। त्यस्तैमा एक होटलमा पसियो र जमियो मज्जाले। गफगाफ, रमाईलो गर्दागर्दै बजाईएछ रातको झण्डै एक । पिईएछ मज्जैले । हल्लिदै गएर सुतियो ।

बिहान आठ बजे जम्म्माहुने कार्यक्रम थियो। हतारहतार उठेर तयारी भईयो। टुर गाईड आएकै रहेनछ, अरु हामीबाहेक पाँच जना टिम रहेछ, जम्मा ९ सदस्यीय टोली हामी, एक गाईड, एक भरिया गरेर ११ जना। आजको हाम्रो बसाई सुनाए गाईडले अप्पर सिनुवा भनेर । दिउँसोका लन्च चाँही झिनुंमा रे। पुर्व बैंकर शुशिल जोशी तथा उहाँको पत्नी डा. बिभु प्रधान, उहाँहरुकै आफन्त दाजु भाउजु र एक काठमाण्डौं बुढानिलकण्ठ घर भएका एक अर्का सदस्य । लगभग बिहानको १० बजिसकेको थियो पोखरा छोडदा। जिरो किलोमा केही अलमल भयो, एउटै गाडीमा सबै नअटाउने हुँदा । त्यहाँबाट नयाँपुल, बिरेठाँटी हुँदै वारी झिनु दिउँसोको ३ बजेतीर पुगियो । झलुङ्गे तरेर पारी झिनुमा लन्च खाएपछि हाम्रो वास्तबिक यात्रा शुरु हुन्थ्यो अन्नपुर्ण आधार शिविर अर्थात् 'ABC'। भिनुबाट ठाडै उकालो १ घण्टा ३० मिनेट उक्लीएपछि छोमरोङ्ग पुगिंदोरहेछ। मोटो शरीर भएकोले मेरो हिंडाई सुस्त थियो। मणि, महेश दाजुहरु नयाँ सहयात्रीहरुसँग चाँडै घुलमिल हुनुभयो भने म र विश्वदाजु गफ मार्दै उक्लियौं। छोमरोङ्गबाट क्या मज्जाको दृश्य देखियो हिम लहरको, उक्लिएको थकान भुलेछौं। बाटैभरी बाटो नपुगेको ठाउँको हिमाली एकमात्र ढुवानी साधन खच्चरहरुको हुल घण्टी बजाउँदैं ओहोरी दोहोरी गरीहेको भेटयौं । महेश दाजुले ड्राईफुट बोक्नुभाकोरहेछ, चपाउँदैं बढ्यौं। अब हाम्रो केहि ओरालो, केहि सम्म बाटो हुँदै यात्रा शुरु भयो । विश्व दाजु र म त अगाडी भएछौं, अरुहरु केहि पछाडी। धान्द्रुकको गाउँ हेर्दै हेर्दै रमाईला प्रसंग कोट्याउँदैं हामी त तल झोलुङ्गे पुग्यौं। त्यहाँबाट तल्लो सिनुवा जम्मा एक घण्टा मात्रा, जुन आजको अन्तिम गन्तब्य। अँध्यारो भएकोले मोबाईलको साहाराले बिस्तारै खुड्किलाहरु पार गर्न लागियो । झोलुङ्गेपारी केही स्थानियहरु एउटा सानो पसलमा बसिराखेका थिए, मैले सोधिहाले, हामी आज बास बस्ने होटल कति समयमा पुगिएला ? भनेर । दुईले एकै स्वरमा कास्केली पाराको जवाफ फर्काए १५ मिनेटमै पुगिन्छ हऊ भनेर। काहाँ पुगिनु, लगभग लाग्यो ४०-४५ मिनेट हामीलाई। पहिलो दिनको बसाई अन्नपुर्ण बेस क्याम्प यात्राको रमाईलै भयो, सहयात्रीहरुसँग घुलमिल भईयो । एउटा सानो कोठामा चारवटा खाट रहेछ, त्यही हाम्रो टिम बस्यौं अरु साथीहरु अर्को घरमा। गाईड केशव भाई चितवनका रहेछन्, २४/२५ वर्षे युवा । उहाँकै नातामा काका पर्ने भरिया हुनुहुदोंरहेछ, जुन काठमाण्डौंका साथीहरुको लगेज बोकाउनुभएको थियो। पहिलो दिनको हिडाई, खास्सै थकाई त लागेको थिएन । हल्का चिसो थियो, खुकुरी रम र तातो पानी, अनी हाम्रो टोली, त्यसपछी के ने चाहियो र ?

अचम्म, बिहानै सात बजेको हुदों हो, एक गुरुङ रोटी र चिया दिँदै गाईड भाई भन्छ तयार हुनुपर्यो । टुर अफिसमा ब्रेकफस्टको मेनु अलग थियो, यहाँ यो ताल छ । डा. बिभु प्रधान हक्की स्वभावको। गाईडलाई हप्काएपछि ठिकठाकै ब्रेकफस्ट आयो। ब्रेकफास्ट खाएर लागियो अप्पर सिनुवा तर्फ । बाटोभरी झरना, प्राकृतिक सुन्दरता हेर्दै अधि बढ्यौं। आफु खासै फोटोको सोख राख्ने परिएन। मणि दाजु, महेश दाजु, जोशी सर फोटो खिच्दै रमाईलो गर्न मन पराउने। बैंकर शुशिल सर रिटार्यड भएपनि एकदमै जोशीला। शारिरीक रुपमा तन्दुरुस्त । बाटाभरी हा........हे................ गर्दै बाम्बो पुगियो। अपर सिनुवाबाट बाम्बो सम्म त खास्सै उकालो नपर्ने रहेछ । हाम्रो दोस्रो दिनको लन्च बाम्बोमा थियो । यहां के मलाई उल्लेख गर्न मन लाग्यो भने, झिनुदेखि अन्नपुर्ण बेस क्याम्प सम्मको सम्पुर्ण होटल वा ब्यबसाय, धान्द्रुक बासीको मात्रै रहेछ । चाहे जे खाउ, जाहाँ बस, धान्द्रुकबासीको नै अधिपत्य। एक किसिमको धान्द्रुकबासीकै बिर्ता जस्तो, रोलक्रमको कार्टेलिङ जस्तो । सिजन शुरु हुनु पुर्वको हाम्रो यात्रामा बाटैभरी पर्यटक छन्, होटल खचाखच भरीएका छन्, तर व्यवस्थित केहि छैन । पर्यटक सुचना केन्द्र, प्रहरी चौकी छोमरोङपछि कतै देखिएन। प्राथमिक स्वास्थ्य चौकी या उपचार केन्द्र कहींकतै छैन । छन त केवल होटलहरु, जुन सरसफाई नभएको, अत्याधिक महंगो र एकैखालका खाना बेच्ने । हावापानी, बातावरणअनुसारको खानेकुरा पाउनै मुस्किल। असुरक्षीत जस्तो लाग्ने। हुन त राज्यको ध्यान नपुगेर होला जे होस्, प्रकृति हामी सबैको हो। बाम्बोको लन्चपछि दोभान दिउँसोको कालो चिया खान पुगियो । रु. १ हजारमा एक थर्मस चिया बाँडेर खायौं। अबको हाम्रो यात्रा हिमालय हुँदै रात्रीकालीन बसाई देउरालीतर्फ । दोभानबाट सबै संगै फोटो खिच्दै, गफ गर्दै, गीतका भाखा हाल्दै पुगियो हिमालय । महेश दाजुको ड्राई फुड मज्जैले खपत भयो । खोल्सो, भिरालो बाटो, झरना हुँदै अगि बढिरहयौं। बाम्बो माथी पुगेपछि पारिपट्टी डाँडामा बुद्वको आकृतिको मुर्ति पाहाडमा देखिने रहेछ।

देउराली पुग्दा अँध्यारो भईसकेको थियो। झोला बिसायौं। मंसीरको दिनमा यस्तो जाडोकी, हात मुख धुनै नसकिने चिसोले । समुन्द्री सतहबाट ३२०० मीटरको उचाई थियो देउरालीको। कोठाहरु चिसा र साँघुरा थिए। खाना खाने टेवलमा एक हिटर जोडेको घण्टाको रु ३०० पर्ने रहेछ । जे जस्तो छ, मिलेर बस्यौं । भुईमा ढुंगा छाएकोले झन चिसो थियो। अपर सिनुवा पछि मानवबस्तीहरु रहेनछन् । देउराली त उचाईमा, घाम झुल्कने ठाउँमा होला भनेको त, खोचमा पो रहेछ । चिसो सिरेटो चल्ने । अनि के चाहियो ? ४ भाई, ४ गिलास । जे होस देउराली स्मरणीय रहयो।

तेस्रो दिन मनमा छुट्टै उमङ्ग थियो, हिमाली फेदीमै पुगिन्छ भन्ने । त्यसैले त हाम्रो यात्रा उठ्ने, ब्रेकफस्ट खाने अनि दिनभर हिडेर सुत्ने ठाउँमा पुग्ने जस्तो दौडादौड थियो । समय अभावले या आर्थिक पक्ष के हो ? सात दिने यात्रा पाँच दिनमा गाईडले सक्काउने तय गरेको थियो। देउरालीबाट ब्रेकफास्ट पछि टोली अगाडी बढ्यो माछापुच्छ्रे बेस क्याम्पतर्फ । देउराली पछि भने हामी समुन्द्री सतहभन्दा ३५०० मी उचाईमा हिड्दै थियौं । अब भने हाम्रो फुर्ती सेलाए जस्तो लाग्यो । हाई अल्टिच्युडमा हिड्न कठिन हुने रहेछ क्यार मलाई। बाटाभरी प्रकृतिले दिएको सुन्दरताको आनन्द लिदैं, कहीं टोलीसँग जिस्कँदै यात्रालाई सहज बनाउने कोशिस थियो मेरो। काहीं ठाडो उकालो काहीं तरपाईलो बाटो हुँदैं अघि बढियो। बाम्बोबाट माथी जतिपनि होटल छन्, ती सबै होटललाई चाहिने सामाग्री ढुवानी भरियाबाटै गर्ने रहेछन्। कुनै आपत बिपत पर्‍यो भने उद्यारका लागी ठाउँ ठाउँमा हेली प्याड रहेछ। घोडा, खच्चरले बाम्बो सम्म मात्रै सेवा दिने। सोध्दा काहीं देउता रिसाउँछन्, काहीं याहाँको चलन भनेर अस्पष्ट जवाफ पाएँ । खैर ठिकै छ जे होस, काँसघारी, साना बुट्याने मैदान हुँदैं बढ्दै रह्यौं । तिहार लगत्तै छुट्टीले होला, बाटैंभरी नेपाली पदयात्री युवाहरु प्रशस्तै भेटिने। केही पछिल्ला वर्षहरुमा नेपालीहरुमा पनि साहासिक यात्रा गर्ने, घुम्ने बानी बढेको छ। नजाने गाउँको बाटो नसोध्ने नेपालीहरु अब नयाँ गन्तब्य सोधी खोजी जान थालेको पाईन्छ । दिउँसो त्यस्तै २ बजेतीर पुगियो माछापुछ्रे आधार शिविर। वाह, मनमोहक ३७०० मीटरको उचाईमा हामी थियौं, हावाको सिरेटोले स्वागत गयौं भनौं । आलु र मस्यौराको तरकारी, भात अनि एक हरियो डल्ले खुसार्नी । अक्सर म सोयाविनको मस्यौरा मन नपराउने मान्छे। मलाई लाग्छकी भटमासको चाहिने कुरा जति निकालेर छोक्रा मात्रै हो सोयाविनको मस्यौरा। कहीं मस्यौरा, काहीं न्यूट्रिला पनि भन्दारछन्। चिसो, त्यसमाथी हिमालको दृश्य, जे खाएपनि आनन्द आउने, रुच्ने । अघिसम्मको थकाई कहाँ हो कहाँ हरायो । शहरको कोलाहलबाट बाहीर न मोबाईलको नेटवर्क, न अन्य सम्पर्क साधन । देउराली माथीबाटै मोबाईलको नेटवर्क हराउने रहेछ। होटलमा नाममात्रको वाईफाई थियो, जुन एक मोबाईलमा कनेक्ट गरेको रु ३००, तर पटक्कै नचल्ने खालको । कोरियन संस्थाले प्राथमिक उपचारको सानो भवन बनाएको रहेछ, जुन बन्द थियो । केही साथीहरु आउँदै थिए, हामी चाँही होटलबाहिर केही तस्वीर माछापुछ्रे हिमाललाई पृष्ठभुमीमा राखेर खिच्न थाल्यौं । जे हो स्मरण त रहन्छ । जीवन भनेकै आखिर स्मृतिको तरेली पनि त हो।

हाम्रो आजको गन्तब्य चाहीं अन्नपुर्ण आधार शिविर, बास बस्ने ठाउँ, हाम्रो यात्राको अन्तिम शिर, जुन अन्तिम चढाई थियो । माच्छापुच्छ्रे आधार शिविरबाट तेसैं तेर्सो उत्तर पश्चिम लागियो। भनिन्छ नी, जब गन्तब्य नजिक हुन्छ अनि बढि थकान हुन्छ । मोटो शरीरको मान्छे म, अन्तिम म नै भएछु । विश्व दाजुले साथ दिनुभयो, मणि दाजु र महेश दाजु गफमै मस्त मौलाना हुँदैं बढ्दै हुनुहुन्थ्यो । मंसीरको तेस्रो साता भएपनी खोल्सीहरुमा माथी जमेको शिशा जस्तो, तल पानी बग्दै थियो । उठार पठार, हेर्दै काहीं फोटो खिच्दै अगाडी बढ्दै थियौं। आँखाले नजिक देखिन्थ्यो, पुग्दा समय लाग्ने। अब आईसक्यो, आई नै सक्यो भनेर विश्व दाजुले बल गरे भनौं, बल्ल बल्ल अँध्यारो हुनै लाग्दा पुगें लगभग ४३०० मीटरमा अवस्थीत अन्नपुर्ण आधार शिविर ।

पोखरा छाडेदेखि मिठो त त्यस्तै हो, जे होटलमा पाक्छ त्यही खाने रहेछ । मेरो जिब्रो स्वादे भएर हो की। अँध्यारोमा पनि हिमाल पश्चिममा टल्केको देखिने । रातमा पनि उज्यालो लाग्ने। महेश दाजुलाई लेक लाग्या क्यार, वान्ता भयो। लौ आपत्, के गर्ने के नगर्ने । हुनतः डा. बिभा प्रधान संगै हुनुहुन्थ्यो । लेक लागेकालाई राती नै बोकेर वा हिडाएर कम उचाईको माछापुछ्रे आधार शिविर वा देउराली झार्दा रहेछन्। लसुनको सुप खाएपछि धन्य केहीबेरमा सजिलो भएछ। होटलमा खचाखच स्वदेशी तथा विदेशीहरु । गन्हाउने ओड्ने ओडेर ७ नै बजे सुते म। सायदै ओढने ओछ्याउने धुँदा हुन् । मलाई सारै मुटु कमाउला जस्तो जाडो लागेर, टाउको दुखेर बाहिर निस्कनै सकिन । अलि पल्तिर क्याम्म बनाएर दुई गुरुङहरु खाना बनाउँदैं थिए, गीत गाउँदैं । विश्व र मणि दाजुहरु यति उचाईमा खुकुरी रम खाएर साहासिक रेर्कड राख्दै थिए । त्यस रातभरीमा १ घण्टा पनि निदाउन सकिएन । सायद अक्सिजनको कमीले होला की।

बिहान ४ बजे नै उज्यालो हुने रहेछ । घाम झुल्क्यो, त्यस्तै ५:३० हुँदो हो, आहा, क्या सुन्दर लालिमा देखियो हिमचुली तर्फ। बिस्तारै अन्नपुर्ण १ र २ हुदैंझलमल्ल । पृथ्वीको स्वर्ग नै यहीं छ जस्तो आभाष । के शब्दमा ब्यक्त होला र ? ३ दिन देखि बिहान उठ्ने बित्तिकै हिड्या हिड्यै, आखिर यसैकै लागी त हो। आखाँभरी हेर्नकै लागी त हो । थकाई, खुट्टा भुईमा टेक्न नसकेको, जीउ दुखाई सब थोक भुलियो, मनमा छुट्टै क्या आनन्द भयो एक्कासी । जलबायु परिवर्तनले नराम्ररी असर गरेछ, हामी बसेको होटलबाट माथीपट्टी केही दुरीमा हिम पहिरोले ठुलो गहिरो खाडल बनाएछ । पहिले पहिले जसो मनग्यै हिउं नपर्ने रहेछ । केहीबेर स्थानीय होटल संचालक संग गफ गर्न मन थियो तर मेरो कुरो सुन्ने फुर्सद कस्को ?

आखांभरी हिमचुली, अन्नपुर्ण १, २ र ४ राखेर मनभरी आनन्द लिएर फर्क्यौं। गन्तब्य आजको उचाईबाट ओर्लदै देउरालीमा लन्च र दोभानमा बास थियो। बिस्तारै बिस्तारै ...बाँकी पृष्ठ ३ मा

# विद्यार्थीको गुनासा समाधानका लागि 'एक घर दुई मिनेट'

जमुना थिङ

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आगामी २०८० मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारी थालेसँगै विद्यालयहरुले विद्यार्थीको गुनासा समाधानका लागि 'एक घर दुई मिनेट' कार्यक्रम सुरु गरेका छन् । बालमैत्री स्थानीय शासन अवलम्बनका निम्ति विद्यालयहरुले उक्त कार्यक्रम सुरु गरेका हुन् ।

हालसम्म हेटौंडा–६ स्थित बालजागृति युवा वर्ष माध्यमिक विद्यालय र हेटौंडा–२ स्थित बालजागृति बोर्डिङ स्कूलले मात्र एक घर दुई मिनेट कार्यक्रम सुरु गरेको पाइएको छ। एक घर दुई मिनेट कार्यक्रम केही विद्यालयहरुमा सुरु गरिएको भएपनि केही विद्यालयमा सुरु गर्ने तयारीमा रहेका छन् । यस्तै केही विद्यालयहरुमा उक्त विषयबारे जानकारी नभएको समेत पाइएको छ ।

बालजागृति युवा वर्ष माध्यमिक विद्यालयका प्रधानाध्यापक सम्झना अधिकारीका अनुसार पहिलो चरणको कार्यक्रमअन्तर्गत् 'एक घर दुई मिनेट' सुरु गरिएको छ । विद्यार्थीका गुनासा, बालविवाह, बालश्रम र विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्थाबारे बुझ्न कार्यक्रम सुरु गरिएको प्रधानाध्यापक अधिकारीले बताउनुभयो ।

विद्यालय आएका कतिपय बालबालिकाका लागि शैक्षिक सामग्रीदेखि भौतिक सामग्रीको अभाव रहेको उहाँको भनाइ छ । जसले गर्दा न्यानो कपडादेखि शैक्षिक सामग्रीहरु संघसंस्था तथा विद्यालयहरुले नै वितरण गर्दै आइरहेको उहाँको धारणा छ । २५ घरधुरीमा गरिएको सर्वेक्षणमा प्रायः बालबालिका विद्यालय गएको पाइएको उहाँले बताउनुभयो । एक जना बालिकाको भने केही वर्षअघि बालविवाहसमेत भएको पाइएको अधिकारीले जानकारी दिनुभयो ।

गत पुस २३ गतेदेखि २९ गतेभित्र एक घर दुई मिनेट कार्यक्रम गरिसक्नुपर्ने हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंले जानकारी दिनुभयो । पुस २० गतेदेखि नै विद्यालयले अर्धवार्षिक परीक्षा सुरु गरेका कारण उक्त कार्यक्रम गर्न ढिलाइ भएको उहाँले बताउनुभयो । माघको दोस्रो सातादेखि बाल क्लबको संयोजकत्वमा हेटौंडा–४ स्थित सृजनापथबाट एक घर दुई मिनेट कार्यक्रम सुरु गरिने उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमलाई प्रभावकारी बनाउन ४ नम्बर वडामा १०/१० जनाको समूह गठन गरिएको छ । सोहीअनुसार वडाभित्र रहेका ३ वटा सामुदायिक र ६ वटा संस्थागत गरी ९ वटा विद्यालयले कार्यक्रम सुरु गर्ने बताइएको छ । कार्यक्रमबाट परीक्षामा अनुपस्थित हुने उल्लेख्य विद्यार्थीको कारण पत्ता लाग्ने पनि उहाँको धारणा छ ।

हेटौंडा–६ स्थित वंशगोपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेश लामिछानेले एक घर दुई मिनेट कार्यक्रमबारे जानकारी नभएको बताउनुभयो । यदि विद्यालयले नै उक्त कार्यक्रम गर्नु परे वडासँग समन्वय गरेर कार्यक्रम गरिने उहाँको भनाई छ ।

हेटौंडा–१० स्थित ज्ञानदा माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेश सुवदीले एक घर दुई मिनेट कार्यक्रमको तयारीमा विद्यालय रहेको बताउनुभयो । विभिन्न सार्वजनिक बिदा तथा परीक्षाका कारण कार्यक्रम रोकिएको उहाँको धारणा छ । माघ दोस्रो सातादेखि भने बालमैत्री स्थानीय शासन अवलम्बन कार्यक्रमका निम्ति एक घर दुई मिनेट कार्यक्रम सुरु गरिने उहाँले दावी गर्नुभयो । ४ वटा समूह बनाई विद्यालय व्यवस्थापन समिति, बालक्लब र शिक्षकहरुले उक्त कार्यक्रम सुरु गर्ने उहाँले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले शिक्षण सिकाईलाई प्रभावकारी बनाउन कम्तिमा ६/६ महिनामा एक घर दुई मिनेट कार्यक्रम सञ्चालन गर्न आग्रह गरिएको बताउनुभयो। कुनै पनि बालबालिकाको समस्या समाधान गर्ने उद्देश्यले कार्यक्रम सुरुवात गर्न आग्रह गरिएको उहाँको भनाई छ। यस्ता कार्यक्रमले अभिभावकलाई समेत उत्प्रेरित गर्ने र गुणस्तरीय शिक्षा पनि प्रभावकारी हुने उहाँले जानकारी दिनुभयो। सरसफाई, बालअधिकार, अनिवार्य शिक्षा, बालविवाह, बालश्रम र अतिरिक्त क्रियाकलापहरुजस्ता २६ वटा बुँदाहरुमा उल्लेखित कार्यक्रम कार्यान्वयन गरी विद्यालयलाई बालमैत्री बनाउन उपमहानगरले आग्रह गरेको छ ।

# राजेश हमाललाई महानायकको सम्मान



काठमाडौंः नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अभिनेता राजेश हमाललाई महानायकको सम्मान प्रदान गरेका छन्। शनिबार भक्तपुरमा आयोजित चौथो एपिक म्युजिक अवार्ड कार्यक्रममा ओलीले उक्त सम्मान प्रदान गरेका हुन् ।

अध्यक्ष ओलीले अभिनेता हमालको प्रशंसासमेत गरे । सो अवसरमा गायिका तीर्थकुमारी थापा र गायक रत्न बेहोसीलगायतलाई पनि ओलीले सम्मानपत्र प्रदान गरे । कार्यक्रममा ओली पत्नी राधिका शाक्य, चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्का, अभिनेत्रीहरु बसुन्धरा भुषाल र गौरी मल्ल, हमाल पत्नी मधु भट्टराईलगायत सहभागी थिए ।

नेपाली फिल्म क्षेत्रमा अभिनेता हमाललाई कतिपयले 'महानायक' पनि भनेर सम्बोधन गर्ने गर्छन् । *(स्रोतः अनलाइनखबर)*

# सबैको निःशुल्क उपचार सुनिश्चित गरिने

काठमाडौंः स्वास्थ्य तथा जनसंख्या मन्त्री पदम गिरीले स्वास्थ्य बीमामार्फत् सबै जनताको उपचारलाई सुनिश्चित गरिने बताएका छन् । शनिबार मनमोहन सामुदायिक अस्पतालमा स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै गिरीले स्वास्थ्य बीमा कार्यक्रम जिल्लाहरूमा समस्याको रुपमा रहेको बताए ।

बीमा कार्यक्रम सञ्चालन गरेका अस्पतालहरुले कार्यक्रम सञ्चालन गर्न नसकिने बताउन थालेको भन्दै बीमा कार्यक्रम कार्यान्वयनको समस्या छिट्टै समाधान हुने स्वास्थ्य मन्त्री गिरीले बताए । बीमा कार्यक्रम सञ्चालनमा आएका समस्याहरुको बारेमा जानकारी लिन आफूले सम्बन्धित निकायसँग छलफल गरिसकेको पनि उनले बताए ।

गरिब जनताले स्वास्थ्य बीमा कार्यक्रममार्फत् धेरै सुबिधा लिनसक्ने भएपनि कार्यक्रम कार्यान्वयनमा धेरै समस्या भएको गिरीको भनाइ छ। रोटरी क्लबले उपलब्ध गराएका स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गर्दै मन्त्री गिरीले सबै नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकारको दायित्व रहेको उल्लेख गरे । मन्त्री गिरीले सोही अवसरमा मनमोहन सामुदायिक अस्पतालको अनुगमनसमेत गरेका थिए ।

*(स्रोतः रातोपाटी)*

# २७ वटा गाडीलाई कारबाही

काठमाडौंः वन तथा वातावरण विभागले काठमाडौं उपत्यकामा मापदण्डभन्दा बढी धुवाँ फालेर वायु प्रदूषण गराउने २७ वटा सवारी साधनलाई कारबाही गरेको छ । काठमाडौंको बबर महलमा वातावरण विभाग तथा ट्राफिक प्रहरीद्वारा गरिएको प्रदूषण जाँचका क्रममा मापदण्डभन्दा बढी धुवाँ फाल्ने २७ वटा गाडीलाई जरिवानासहित कारबाही गरिएको विभागका महानिर्देशक वनराज घिमिरेले जानकारी दिए ।

उनका अनुसार कारबाहीमा परेका गाडीमा भाडाका मिनीबस १४, पिकअप भ्यान आठ, भाडाका माइक्रोबस तीन र कार दुई छन् । वातावरण विभाग बबरमहल र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट संयुक्तरूपमा खटिएको टोलीले बबरमहलमा ५३ वटा सवारी साधन जाँच गर्दा २७ सवारी साधन कारबाहीमा परेका हुन् ।

गाडी मर्मतपछि तोकिएको जरिवाना तिरी ट्राफिक प्रहरीले नियन्त्रणमा लिएका कागजपत्र फिर्ता दिने जनाइएको छ । मापदण्डभन्दा बढी धुवाँ फाल्ने सवारी चलाउँदा वायु प्रदूषण बढ्न गई मानव स्वास्थ्यमा गम्भीर समस्या हुनुका साथै दुर्घटनाको जोखिमसमेत हुने भएकाले सवारी साधनको अवस्था जाँच गरी चुस्तदुरुस्त अवस्थामा राख्न चालकलाई उपत्यका ट्राफिक प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक तथा प्रवक्ता राजेन्द्रप्रसाद भट्टले अनुरोध गरे । *(स्रोतः रासस)*

# त्रिभुवन माविको अभिभावक भेला सम्पन्न




समाज संवाददाता

हेटौंडाः हेटौंडा–१६, हटियामा रहेको त्रिभुवन माध्यमिक विद्यालयको ६२ औं अभिभावक भेला शुक्रबार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रप्रसाद देवकोटाको सभाध्यक्ष तथा हेटौंडा १६ नम्बरका वडाध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको हो ।

भेलालाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष कोइरालाले शिक्षा क्षेत्रमा गरिएको सहयोगलाई निरन्तरता दिने प्रतिबद्वता जनाउनुभयो। अभिभावक शान्ति रसाइलीले बालबालिकाको पढाईलाई राम्रो बनाउन अभिभावकहरु नै सक्रिय हुनुपर्ने बताउनुभयो ।

शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाका शिक्षा अधिकृत रामचन्द्र खड्काले विद्यालयको शैक्षिक विकासको निम्ति सहयोग गर्ने प्रतिबद्वता जनाउनुभयो । यसैगरी विद्यालयका सल्लाहकार सानोभाइ विश्वकर्माले जनप्रतिनिधिदेखि शिक्षा प्रतिनिधिले समेत सामुदायिक विद्यालयमा आफ्ना बालबालिका भर्ना गरेमात्र शैक्षिक सुधार हुने बताउनुभयो ।

भेलाले विद्यालय व्यवस्थापन समिति सदस्यमा अभिभावकका तर्फबाट ४ जना सर्वसम्मत चयन गरेको छ । सदस्यहरुमा दिलबहादुर बिक, मोहनबहादुर बिक, निरमाया तामाङ र सुनिता राईलाई चयन गरिएको त्रिभुवन माध्यमिक विद्यालयका प्रधानाध्यापक मनोज पाठकले जानकारी दिनुभयो । विद्यालय व्यवस्थापन समिति सदस्यहरुको पहिलो बैठकले सोमबार बाँकी सदस्य मनोनित गरेर समितिलाई पूर्णता दिने उहाँले जानकारी दिनुभयो । गत पुस ६ गते विद्यालय व्यवस्थापन समितिको म्याद सकिएको उहाँको भनाई छ ।

विद्यालय व्यवस्थापन समितिमा अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका २ जना महिलासहित ४ जना सदस्य रहने व्यवस्था रहेको छ। विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले मनोनयन गरेको सदस्यबाट एक जना सदस्य चयन गरिनेछ । विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिलासहित २ जना सदस्य चयन गर्नुपर्ने व्यवस्था छ । विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना सदस्य र विद्यालयका प्रधानाध्यापक स्वयम् सदस्य सचिव रहने व्यवस्था गरेको छ ।

व्यवस्थापन समितिको म्याद सकिएको एक महिनापछि मात्र विद्यालय व्यवस्थापन समितिले नयाँ नेतृत्व पाउने भएको छ । प्रधानाध्यापक पाठकले विद्यालयको स्थापना दिवस आगामी माघ १२ गते मनाउने बताउनुभएको छ । विद्यालयको स्थापना दिवसमा २० वर्षभन्दा बढी विद्यालयमा आवद्व शिक्षकलाई सम्मान गरिने बताउनुभयो । उहाँका अनुसार कक्षा १ देखि १० सम्मका प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

# गाडीका पार्टपुर्जासहित २ जना पक्राउ

रौतहटः रौतहट प्रहरीले शनिबार भन्सार छलेर अवैधरूपमा भित्र्याएको गाडीको विभिन्न पार्टपुर्जासहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा गरुडा नगरपालिका–६ का ४० वर्षीय कुन्दन चौधरी र २५ वर्षीय विजयकुमार यादव रहेका छन् ।

उनीहरुबाट प्रहरीले बीआर ०५ एयु ३७२८ नम्बरको मोटरसाइकल, दुई लाख नौ हजार बराबरको एयर फिल्टर, मोबिल फिल्टर, ब्रेक सोल, डिजल फिल्टर, ब्रेक पैडलगायत पार्टस् बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

पक्राउ परेका दुबै जनालाई सामान र मोटरसाइकलसहित आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

*(स्रोतः रातोपाटी)*

## हिमाल छुने...

झर्दै गर्दा मेरो टाउको दुखाई हरायो तर खुट्टा दुखेर हैरान। बाटो बाटोमा उकालो लाग्दै गरेका यात्रीहरु अब कति समय लाग्छ ? सोधिराका थिए। हिजोसम्म हामी लखतरान भई अझै कति समय लाग्ला ? भनी सोध्थ्यौं, आज भनी दिदै थियौं । आज सल्लाह दिने पालो हाम्रो । सायद ५ बजे हुदों हो , दोभन पुगियो । संजोगले कामीरीता शेर्पा पनि हामी बसेकै होटलमा बास बस्दै हुनुहुदोरहेछ । हिउं चितुवाको नामले चिनिने कितमिनी २६ औं पटक सगरमाथा आरोहण गरेका कामीरीता दाजुको सरलताले मन छोयो । यात्रा लगभग सफल भैसकेको हुँदा हाम्रो साँझ मस्त भै त गो, समाईलो गर्दा गर्दै १० बजाईएछ । किन हो थाहा छैन, पोखरा छाडेदेखि राम्रोसँग निदउन सकेको थिएन, आरामकै त निद्रा लागेन, निदाउने प्रयास गरियो जसोतसो । बिहान ब्रेकफष्टपछि हाम्रो अन्तिम दिनको अन्नपुर्ण यात्रा पोखरा गएर टुङ्ग्याउने लक्ष्य सहित हिडिंयो । जति तल झरिन्छ उति खुट्टा गल्यो । बढा मुस्किलले ३ बजेतिर झिनु पुगियो लन्च खान। केहि साथीहरु झिनुबाट आधा घण्टामा पुगिने तातोपानीमाबस्न गए, तर आफ्नो खुट्टाले दिएन ।

साँझ पोखरा पुग्न हतार, तर हाम्रो गाईडको कुनै ब्यवस्थित कार्य थिएन । नेपालीहरुमा ब्यबसायिक नैतिकता र जिम्मेवारीबोध कहिले आउने होला ? म र विश्वदाजुको अग्रसरतामा गाडी खोजखाज गरेर पोखरा पुगियो । बाटोमा विश्व दाजु र हाम्रै गाडिमा सवार ईजरायली दम्पतिबिच रमाईलो झगडा पनि भयो । धेरै दिनदेखिको थकान, निद्रा, पोखरामा विसाईने भैयो । महेश दाजुको फेवरेट माईली दिदिको थकाली भान्सा आज चांही खुलेको रहेछ, बजेछ खानपान गर्दा रातको १ जति। समीक्षा बैठक लामै भएछ। भोलीबाट आ–आफ्नो दिनचर्या शुरु गर्नु जो थियो।





समृद्ध समाज
राष्ट्रिय दैनिक
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

नेपाल ज्योतिष परिषद् मकवानपुरको
**भवन निर्माणको प्रस्तावका लागि सूचना**
यस संस्थाको निर्माणाधिन सामुदायिक भवन उपमहानगरपालिकाको स्टमेट अनुसार ५ लाख बराबरको लागतमा हेउमनपा– ५ रुद्रेश्वर मा बनाउनु पर्ने भएको हुादा इच्छुक दर्तावाला निर्माण व्यावसायीले सम्पर्क राख्नुहोला ।
**सम्पर्कः ९८५५०७३००० (अध्यक्ष), ९८४५१,२५३०८ (उपध्याक्ष)**

# हेटौंडा फुटबल एकेडेमीलाई नगद सहयोग



*हेटौंडा फुटबल एकेडेमीका सञ्चालक भीम लामालाई सहयोग रकम हस्तान्तरण गर्नुहुँदै नगर प्रमुख मिना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडाः नेकपा एकीकृत समाजवादी निकट नेपाल खेलकुद महासंघ समाजवादी जिल्ला कमिटी मकवानपुरले हेटौंडा फुटबल एकेडेमीलाई नगद सहयोग गरेको छ। शुक्रबार जिल्ला खेलकुद विकास समितिमा एक कार्यक्रमको आयोजना गर्दै हेटौंडा फुटबल एकेडेमीलाई ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले हेटौंडा फुटबल एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामालाई रकम हस्तान्तरण गर्नुभयो । नगर प्रमुख लामाले हेटौंडा उपमहानगर पालिले एकेडेमीलाई तत्काल १ लाख रुपैयाँ उपलब्ध गराउने घोषणा गर्नुभएको छ । आगामी दिनमा बजेटमै एकेडेमीको कार्यक्रम राखेर महिला फुटबललाई अगाडि बढाउने नगर प्रमुख लामाले प्रतिबद्धता जनाउनुभयो। नगर प्रमुख लामाले प्रशिक्षक भीम लामाको प्रशंसासमेत गर्नुभयो । मकवानपुरमा बलियो महिला फुटबल टिम निर्माणमा हेटौंडा फुटबल एकेडेमीको ठूलो सहयोग रहेको उहाँले बताउनुभयो ।

फुटबल क्षेत्रमा महिलाहरु नयाँ ढङ्गले अगाडि बढ्नुपर्छ भनेर नेपाल खेलकुद महासंघ समाजवादीले सहयोग गरेको महासंघका केन्द्रीय सदस्य निरज सिंह ठकुरीले बताउनुभयो । ठकुरीले भन्नुभयो 'महिला फुटबल खेलाडीहरुलाई खेलकुद सामग्रीहरु अभावलगायतका समस्या सुन्यौं। हेटौंडा फुटबल एकेडेमीले फुटबल खेल्न इच्छुक सबै महिला खेलाडीलाई खोजेर अगाडि बढाइरहेको अवस्था छ, कसैको पनि सहयोग छैन । प्रशिक्षक भीम लामा एक्लै संघर्ष गरेर महिला खेलाडी उत्पादनमा निस्वार्थरुपमा काम गरिरहेका छन् र हामीले केही गर्नुपर्छ भनेर सहयोग गरिएको हो ।'

हेटौंडा फुटबल एकेडेमीका अध्यक्ष तथा प्रशिक्षक भीम लामाले आफू महिलालाई खेलकुदमा अगाडि बढाउनुपर्छ भनेर ४ वर्षदेखि निरन्तर लागिरहेको बताउनुभयो । प्रशिक्षक लामाले आफ्नै खर्चमा महिला खेलाडीहरुलाई मैत्रीपूर्ण खेल खेलाउने र जर्सी वितरण गर्दै आइरहनुभएको छ । हेटौंडा फुटबल एकेडेमीमा अहिले २० जना महिला खेलाडीहरु रहेको प्रशिक्षक लामाले बताउनुभयो ।

महिला खेलाडी उत्पादन गनुपर्छ भनेर जस्तोसुकै समस्या आए पनि निरन्तर प्रशिक्षण गरिरहेको उहाँले बताउनुभयो। महिला खेलाडीहरु बागमती, मनहरीलगायतका पनि छन्। यी खेलाडीहरु नियमितरुपमा प्रशिक्षणमा आउन सक्ने स्थिति छैन । महिला खेलाडी भएकाले घरका काम पनि हेर्नुपर्ने भएकाले समयमा प्रशिक्षणमा उपस्थित हुन सक्ने अवस्था नभएको प्रशिक्षक लामा बताउनुहुन्छ । लामाले भन्नुभयो 'नियमितरुपमा प्रशिक्षणमा आउनजान समस्या नै छ । पुरुष फुटबलमा जस्तो प्रतियोगिताहरु नहुँदा पनि आफ्नै खर्चमा बाहिर जिल्लाका महिला टिमसँग गेम खेलाउन लाने गरिरहेको छु । धेरै राशिका खेलहरु पनि महिला फुटबलमा हुँदैन ।'

प्रशिक्षक लामाको नेतृत्वमा मकवानपुरका महिला फुटबल टिमले प्रथम बागमती प्रदेश खेलकुद प्रतियोगितामा उपाधि जितेको थियो । उहाँले महिला खेलाडीहरुलाई टिकाउन आवश्यक रहेको बताउनुभएको छ। प्रशिक्षक लामाले हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको १ लाख रुपैयाँले खेलाडीहरुलाई आवश्यक पर्ने खेल सामग्री विरतरण गरिदिने र डाइट खुवाउने बताउनुभयो। उहाँले केही दिनमै मैत्रीपूर्ण खेलहरु खेलाउने तयारी रहेको बताउनुभयो ।

नेपाल खेलकुद महासंघ समाजवादी जिल्ला कमिटी मकवानपुरका अध्यक्ष उमेश बढाथोकीको सभाध्यक्षतामा भएको कार्यक्रममा महासंघको केन्द्रीय सचिवालय सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गी, कार्यालय प्रमुख माधव कोइरालालगायतको उपस्थिति रहेको थियो।

# गजल महफिलमा ४ गजलकार

समाज संवाददाता

हेटौंडाः गजल मञ्च मकवानपुरको आयोजनामा शनिबार हेटौंडामा गजल महफिलको आयोजना गरिएको छ। हेटौंडाका गजलकार हरिप्रसाद पौड्यालसहित संगीता थापा, लक्ष्मण सङ्गम र मुना बोहराले गजल वाचन गर्नुभयो। महफिलमा सशूल्क प्रवेशको व्यवस्थाका बाबजुद उल्लेख्य श्रोतामाझ चारै गजलकारको प्रस्तुती रह्यो ।

गजल मञ्चको नियमित गजल यात्रामै चार गजलकारको प्रस्तुतीलाई विशेष बनाइएको हो। गजल मञ्च मकवानपुरले हरेक महिना गजल यात्राको आयोजना गर्ने गरेको छ। महफिललाई बाबु त्रिपाठीले सहजीकरण गर्नुभएको थियो ।

# हेटौंडामा चक्कु प्रहारबाट एकजना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, चुच्चेखोलामा चक्कु प्रहारबाट एकजना घाइते भएका छन् । शनिबार दिउँसो १ बजेर ३० मिनेटको समयमा १८ वर्षीय जोधाकुमार सहनी चक्कु प्रहारबाट घाइते भएका हुन्। सहनी भारत मोतिहारी जिल्ला घर भई हाल हेटौंडा-४, कमलडाँडा बसेर कवाडीको काम गर्ने युवा हुन् ।

मादक पदार्थ सेवन गरी हेटौंडा-१७, हटियाका ३२ वर्षीय सन्तोष राई र हेटौंडा-९, लामसुरेका १९ वर्षीय सुशील मोक्तानले सहनीलाई चक्कु प्रहार गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो । चक्कु प्रहारबाट घाइते सहनीलाई आफन्तले उपचारका लागि हेटौंडा अस्पताल ल्याएका थिए। सहनीको थप उपचारका लागि भरतपुर रिफर गरिएको छ । सहनीको छातीको दाहिने भागमा चोट लागेको र अवस्था मध्यम रहेको प्रवक्ता कार्कीले बताउनुभयो। वडा प्रहरी कार्यालय हेटौंडाबाट प्रहरी निरीक्षक केशर न्यौपाने र अस्थायी प्रहरी पोष्ट हटियाबाट प्रहरी सहायक निरीक्षक पंकजकुमार झाको कमाण्डमा खटिएको संयुक्त टोलीले राई र मोक्तानलाई नियन्त्रणमा लिएको छ। चक्कु प्रहार गर्ने दुबै जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याई थप अनुसन्धान गरिहरहेको प्रवक्ता कार्कीले बताउनुभयो ।

# ५ भारतीय नागरिकको पारिवारिक पुनर्मिलन

समाज संवाददाता

**हेटौंडाः हेटौंडा-९ स्थित मानवसेवा आश्रमले ५ जना भारतीय नागरिकको पारिवारिक पुनर्मिलन गराएको छ। ४० वर्षीया रेणु मानव, ३५ वर्षीया खुस्तु मानव र ५५ वर्षीय कलरावा मानवको पारिवारिक पुनर्मिलन गराएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो । यस्तै, ६५ वर्षीय नहरी मानव र ४० वर्षीय सोनु दुबेको पनि पारिवारिक पुनर्मिलन गराइएको उहाँले जानकारी दिनुभयो ।**

**३ वर्षअघि बुटवल र चितवनबाट बेवारिसे अवस्थामा उद्दार गरिएका ४ जनाको थर भने पहिचान नभएको उहाँले बताउनुभयो । जसकारण मानव उल्लेख गरी ४ जना महिला र एक जना पुरुषको पारिवारिक पुनर्मिलन गराएको उहाँको भनाइ छ।**

**भारतको उत्तरप्रदेश, बिहार र उत्तराखण्डका नागरिकलाई हेटौंडास्थित मानवसेवा आश्रमका अभियन्ता हुमनाथ पौडेल (कृष्ण) र हेटौंडा उपमहानगर पालिकाका स्वास्थ शाखा प्रमुख भोलाप्रसाद चौलागाईंको समूहले शनिबार पारिवारिक पुनर्मिलन गराएको छ ।**

# प्रदेशस्तरीय पुरुष भलिबलको उपाधि चितवनलाई

समाज संवाददाता

हेटौंडाः रामेछापको मन्थलीमा भएको बागमती प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि चितवनले हात पारेको छ । शनिबार भएको फाइनलमा रामेछापलाई हराएर चितवनले उपाधि उचालेको हो ।

आयोजक नेपाल खेलकुद महासंघका अनुसार चितवनले २५-१८, २८-२५ र २५-१३ अंकले रामेछापलाई पराजित गरेको हो। विजेता टोलीले २ लाख रुपैयाँ नगद प्राप्त गरेको छ । द्वितीय हुने रामेछापले १ लाख रुपैयाँ प्राप्त गरेको छ। प्रतियोगितामा सिन्धुपाल्चोकले तेस्रो र धादिङले सान्त्वना स्थान हासिल गरेको छ । चार दिनअघिदेखि सुरु भएको प्रतियोगितामा ललितपुर र भक्तपुरबाहेक बागमती प्रदेशका ११ वटा टिमको सहभागिता थियो। प्रतियोगितामा सहभागी मकवानपुर जिल्लाले पहिलो खेलमा काभ्रेलाई पराजित गरे पनि दोस्रो खेलमा रामेछापसँग पराजित भएको थियो ।

# मकवानपुर गोल्डकप माघ २९ बाट हुने

हेटौंडाः यस वर्षको स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता यही माघ २९ गतेबाट हुने भएको छ । शनिबार बसेको आयोजक मकवानपुर जिल्ला फुटबल संघको कार्यसमिति बैठकले पाँचौ संस्करणको मकवानपुर गोल्डकप माघ २९ देखि फागुन ११ गतेसम्म गर्ने निर्णय गरेको हो ।

यसअघि फागुन ४ गतेबाट प्रतियोगिता गर्ने भनिए पनि उक्त समयमा अन्य गोल्डकप हुने भएकोले २९ गतेबाट गर्ने निर्णय गरिएको हो । कार्यसमिति बैठकले संघका अध्यक्ष टीकाराम लामालाई प्रतियोगिताको संयोजकको जिम्मेवारी दिने निर्णय गरेको छ। १२ टिमको सहभागिता रहने यस प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले १० लाख रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ। अघिल्लो बर्षहरुमा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटरसाइकल प्राप्त गर्दै आएका थिए ।

यस बर्षपनि बुलेटको लागि प्रायोजक हेटौंडा स्कुल अफ म्यानेजमेण्टसँग प्रस्ताव गरिने आयोजकले बताएको छ । प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले नगदसहित ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिताका लागि १ करोड ४१ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ। आयोजकले प्रतियोगिताको तयारीलाई तीव्र पारेको छ ।

प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ । यस प्रतियोगितालाई बागमती प्रदेश खेलकुद विकास परिषद्सहित यहाँका स्थानीय तहहरूले आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। मकवानपुर गोल्डकपको चौथो संस्करण घरेलु टोली विजय यूथ क्लवलाई हराउँदै त्रिभुवन आर्मी फुटबल क्लवले जितेको थियो। *स्रोतः नागरिकन्यूज ।*

# गाँजासहित २ जना पक्राउ

**हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका-८ का ४२ वर्षीय राजकुमार प्रजा र सोही ठाउँका ४५ वर्षीय जितबहादुर मगर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो ।**

**शुक्रबार राति १० बजेर २० मिनेटको समयमा मनहरी गाउँपालिका-८, दारिमबासस्थित इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षक कृष्णराज ढकालको कमाण्डमा खटिएको टोलीले प्रजा र मगरलाई शंका लागि सुरक्षाजाँच गर्दा उनीहरुले लुकाई ल्याएको लागूऔषध गाँजा २१ किलो फेला पारेको प्रहरीले जनाएको छ । लागूऔषध गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।**

# एकै दिन २२ वटा आगलागीका घटना

**काठमाडौंः पछिल्लो चौबीस घण्टामा देशभर २२ वटा आगलागीका घटना भएका छन् । आगलागीका घटनामा परेर २ जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् ।**

**राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार १४ वटा जिल्लामा भएको आगलागीका घटनामा परेर २४ वटा चौपायाको समेत मृत्यु भएको छ भने लाखौंको धनमाल नोक्सानी भएको छ ।** *(स्रोतः रातोपाटी)*

## कविता प्रतियोगितासम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका वडा नं. ४ कार्यालयको आयोजना र श्याम प्रसाद शर्मा स्मृति प्रतिष्ठानको व्यवस्थापनमा माघ १६ गते सहिद दिवसको सन्दर्भमा 'सहिद' विषयक खुला कविता प्रतियोगिता आयोजना गरिएकोले सो कविता प्रतियोगितामा भाग लिन इच्छुक कविहरूले कविता बुझाउनु हुन हार्दिक आग्रह गर्दछौं ।

- कविता बढीमा २५० शब्दसम्मको हुनुपर्नेछ ।
- कविता 'सहिद' विषयक हुनुपर्नेछ तर शीर्षक खुला रहन सक्नेछ ।
- कविता माघ १५ गते साँझ ५ बजेसम्म पुष्पलाल स्मृति पुस्तकालय, विद्यार्थी पुस्तक पसल र हेउनपा वडा नं. ४ को कार्यालयमध्ये कुनै एक ठाउँमा बुझाउन सकिनेछ ।
- कार्यक्रम १६ गते 'सहिद दिवस'को सन्दर्भमा पशुपति मन्दिरको सभाहलमा दिउँसो ११:३० बजे हुनेछ ।
- कार्यक्रममा पुरस्कृत कविहरूलाई प्रमाणपत्रसहित प्रथम पुरस्कार रू ७५००/-, द्वितीय पुरस्कार रू ५,५००/-, तृतीय पुरस्कार ३५००/- र दुईजनालाई सान्त्वना पुरस्कार रू. १०००/- का दरले प्रदान गरिनेछ । सम्पर्क नं. ९८५५०३९२८८, ९८५५०७०९०३, ९८५५०८४४८४, ९८४५०२९१६८


सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ